# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १६ ] काठमाडौं, मार्ग १४ गते २०२३ साल [ अतिरिक्ताङ्क ३३ (क)


श्री ५ को सरकार

कानून तथा न्याय–मन्त्रालयको

### सूचना

नेपाल विशेष अदालत ऐन, २०१३ (संशोधनहरू सहित) को दफा २,३ र १० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

देहायका जिल्लाहरूको लागि देहायबमोजिम एक सदस्यीय विशेष अदालतहरू गठन गरिएको छ:–

| सदस्यहरू:– | | जिल्लाहरू:– |
|---|---|---|
| (१) श्री रामकृष्ण बिष्ट | – – | मोरङ्ग, सुनसरी |
| (२) श्री लक्ष्मणप्रसाद अर्याल | – – | सुर्खेत |
| (३) श्री रमेश झा | – – | बाजुरा, अछाम |
| (४) श्री ध्रुवनाथ उपाध्याय | – – | दाङ, देउखुरी |
| (५) श्री हरिजङ्ग सिजापती | – – | रूपन्देही, कपिल वस्तु |
| (६) श्री कमलप्रसाद शर्मा | – – | नवल परासी |
| (७) श्री चन्द्रप्रसाद पराजुली | – – | डोटी, बझांग |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

282

(८) श्री मोहनप्रसाद यादव – – तनहु, गोरखा
(९) श्री सिन्धनाथ प्याकुरेल – – सर्लाही
(१०) श्रीमती शारदा श्रेष्ठ – – कास्की, लमजुंग
(११) श्री महन्तलाल श्रेष्ठ – – महोत्तरी, धनुषा
(१२) श्री कृष्णबहादुर प्रधान – – सिराहा
(१३) श्री हरिमान थैव – – सप्तरी
(१४) श्री अमृतमान श्रेष्ठ – – पाल्पा, स्याङ्जा
(१५) श्री देवशरणप्रसाद – – सिन्धुली, उदयपुर

उक्त जिल्लाहरूमा भूमिसम्बन्धी ऐन, २०२१ को दफा ३२ को उप–दफा (१) र (२) अन्तर्गतका मुद्दाहरू कारवाही किनारा गर्न सम्वन्धित विशेष अदालतहरूलाई सुम्पिएकोछ।

भूमिसम्बन्धी ऐन, २०२१ र सो ऐन, अन्तर्गत बनेको भूमिसम्बन्धी नियमहरू, २०२१ अन्तर्गत श्री ५ को सरकारले उक्त जिल्लाहरूमा भूमिसम्बन्धी ऐन, २०२१ को दफा १४ को उप–दफा (३), भूमिसम्बन्धी नियमहरू, २०२१ को नियम ७ र नियम १५ को उप–नियम (३) अन्तर्गतको उजूरी, भूमिसम्बन्धी ऐन, २०२१ को दफा ९ को उप–दफा (४) दफा ३२ को उप–दफा (४) दफा ५४ को उप–दफा ५९ को उप–दफा (२) अन्तर्गतका मुद्दा र भूमिसम्बन्धी ऐन, २०२१ को दफा ५१ को उप–दफा (३) दफा ५८ को उप–दफा (२) भूमिसम्बन्धी नियमहरू, २०२१ को नियम १० को उप–नियम (५) अन्तर्गतको अपिल- समेत उपर्युक्त विशेष अदालतहरूबाट हेरी कारवाही किनारा गर्ने गरी तोकिदिएको छ।

मिति २०२१–१२–१६ को संख्या ५० को नेपाल गजेट भाग ३ मा भूमिसुधार–मन्त्रालयको देहाय नं. ८ मा प्रकाशित बर्दिया जिल्लाको अगाडि बाँके र भन्ने शब्दहरू थपिएको छ र सो बाँके बर्दिया जिल्लाको भूमिसुधार विशेष अदालतलाई उक्त सूचनामा उल्लेख अनुसारका बांके जिल्लाको मुद्दा मामिलाहरू समेत हेर्न पाउने गरी सुम्पिएको छ।

उपर्युक्त विशेष अदालतहरूले आफ्नो सदर मुकाम तत् तत् जिल्लाहरू भित्र जहाँ-सुकैपनि कायम गर्न सक्ने छ।

माथि प्रकरण ३ का देहायमा उल्लिखित जिल्लाहरूको निमित्त मिति २०२१–१०–२६ को अतिरिक्ताङ्क २९ (क) को नेपाल गजेट भाग ३ मा प्रकाशित आदेशद्वारा गठन गरिएका विशेष अदालतहरू विघटन गरिएको छ।

आज्ञाले–
बिश्वनाथ उपाध्याय
श्री ५ को सरकारको का. मु. सचिव।

---

श्री ५ को सरकारको छापाखानामा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।